# अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड
# Upper Lohore Khola Hydropower Company Limited

रजिष्ट्रार कार्यालय : नक्साल, काठमाडौं, फोन नं. ०१-५९१७६७०
इमेल: upperlohore.hydro@gmail.com वेवसाइट: www.ulkhp.com

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.५०,९८,०४,०००/- को ४९% अर्थात् २४,९८,०४० कित्ता साधारण शेयर मध्ये स्वीकृत विवरण पत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.५,०९,८०,४००/- रकम बराबरको रु.१००/- अंकित दरका ५०९,८०४ कित्ताको (५०% अर्थात २,५४,९०२ कित्ता साधारण शेयर आयोजना अति प्रभावित क्षेत्र नौमुले गाउँपालिका वडा नं. २ र ३ का बासीहरुको लागि र ५०% अर्थात २,५४,९०२ कित्ता साधारण शेयर आयोजना अति प्रभावित क्षेत्र नौमुले गाउँपालिका वडा नं. २ र ३ बाहेकका सम्पूर्ण दैलेख जिल्लाबासीहरुको लागि मिति २०८० आषाढ ७ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८० श्रावण ५ गते बैकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० श्रावण ५ (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : २५,००० कित्ता**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, काठमाण्डौ । वेवसाइट www.nicasiacapital.com |
| २. | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड, नक्साल काठमाडौं । वेवसाइट www.ulkhp.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि**
**देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।**

| क्र.सं. | संकलन केन्द्रको नाम | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | दैलेख जिल्ला, नौमुले बजार । | सन्जीव श्रेष्ठ | ९८६१०३०१०५ |
| २. | एन आई सी एशिया बैंक लिमिटेड, शाखा कार्यालय वडा नं. ०१, नयाँबजार, दैलेख | खगेन्द्र कटुवाल | ९८०१९८२५६२ |
| ३. | ग्लोबल आई एम ई बैंक लिमिटेड, शाखा कार्यालय देवकोटा चोक, दैलेख । | दिपिका थापा | ९८४८०१०५८२ |
| ४. | प्रभु बैंक लिमिटेड, देवेन्द्रचोक, शाखा कार्यालय, नयाँबजार, दैलेख । | निम बहादुर शाही | ९८६६१७२७०३ |

साथै स्थानीय बासिन्दाहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com मा गई रितपूर्वक विवरण भरी आवेदन दिन सक्नेछन् ।
आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत प्रति दरखास्त आवेदन फाराम रु.२/- (अक्षेरेपी दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।

**नोट: स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.२९) | (०.७३) | (०.५९) | (०.२३) | ४.४९ | ५.७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.६९ | ९८.३० | ९७.८७ | ९८.८५ | १०३.३४ | १०९.११ |
| संचित नाफा-नोक्सान तथा जगेडा कोषहरु (हजारमा) | (१,९३०) | (३,३९०) | (४,६७६) | (५,८६५) | १७,०३६ | ४६,४४१ |

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | माथिल्लो लोहोरे साना जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ४ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरिरहेको माथिल्लो लोहोरे साना जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction-(IDC) सहित प्रति मे.वा. रु. २३,६८,०४,२५०/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गतेसम्म रहेको भएता पनि विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७५/०९/१६ देखि २११०/०९/१५ गतेसम्म रहेकोले ३१ वर्ष बाँकी रहेको छ । |
| लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.२२ वर्ष र Discounted Pay Back Period १७.८४ वर्ष रहेको छ । |
| आयोजनाको कुल लागत विवरण | : | जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction - (IDC) सहित रु.९४,७२,१७,०००/- रहेको छ । |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.बाट इस्यूर रेटिङ्ग गराई CARE-NP BB- (IS) (Double B -(Issuer) रेटिङ्ग प्राप्त गरेको छ। [CARE-NP BB- (Is) [Double B- (Issuer)] ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग CARE-NP AAA (Is) ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने सम्बन्धमा बलियो आधार रहेको जनाउँछ भने CARE-NP D (Is) ले कम्पनी वित्तीय दायित्व वहन गर्ने सम्बन्धमा कमजोर आधार रहेको जनाउँछ। रेटिङ्ग संकेतको पछाडी प्रयोग गरिने "+ " तथा "-" चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विस्तृत विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०७९/०६/०४ बहाल रहने अवधि २०८०/०६/०३

**यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० जेष्ठ ३२ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.bedc.com.np, नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com